प्रणयन वर्ष २५, अङ्क ७, २०८१
ISSN (Print) : 2505-0818
Submitted Date : September 17, 2024
Accpted Date : January 15, 2025
त्रि.वि. प्राध्यापक सङ्घ, क्याम्पस एकाइ समिति,
तेह्रथुम बहुमुखी क्याम्पस, आठराई, चुहानडाँडा

# मुन्धुम र लिम्बू समुदायमा प्रचलित जन्म, विवाह र मृत्यु संस्कारहरू

भूपालकुमार सेन्दाङ*

## सार

मुन्धुम लिम्बू जातिको धर्मशास्त्र, ज्ञानशास्त्र, दर्शनशास्त्र र इतिहास हो । यसमा विश्व ब्रह्माण्ड र चराचर जगतको उत्पतिसम्बन्धी आख्यान, लिम्बू मानवजातिको सभ्यताको विकासको इतिहास र यस जातिमा प्रचलित विभिन्न संस्कृति तथा संस्कारहरू सङ्गृहीत छन् । यसलाई मूलतः मूर्त तथा अमूर्त संस्कृतिको रूपमा अध्ययन गरिन्छ । लिम्बू समुदायमा प्रचलित जन्म, विवाह र मृत्यु संस्कारहरू के के हुन ? लिम्बू समुदायमा प्रचलित जन्म, विवाह र मृत्यु संस्कारहरूको उद्भव कसरी भएको पाइन्छ ? र लिम्बू समुदायमा प्रचलित जन्म, विवाह र मृत्यु संस्कारहरू कसरी सम्पन्न गर्ने गरिन्छ ? भन्ने प्रश्नहरूको जवाफ प्राप्त गर्ने उद्देश्यले अध्ययन गरिएको छ । यो अध्ययन मूलतः अन्वेषणात्मक प्रकृतिको गुणात्मक अध्ययन हो । यसमा आवस्यक प्राथमिक तत्थ्याङ्कहरू मुन्धुमका जानिफकार तुम्याङ तथा मुन्धुमविदहरूसँगको व्यक्तिगत अन्तर्वार्ता र प्रत्यक्ष अवलोकनबाट सङ्कलन गरिएका छन् । यस्तै द्वित्तीयक तत्थ्याङ्कहरू मुन्धुम र लिम्बूजातिको संस्कृतिसम्बन्धी प्रकाशित पुस्तक, शोधपत्र, लेखरचनाहरूबाट सङ्कलन गरिएका छन् । यी तत्थ्यहरूलाई व्याख्या विश्लेषण गरेर हेर्दा लिम्बू समुदायको जन्म संस्कार अन्तर्गत साप्पोःक् चोमेन, याङदाङ फोङमा, माङगेन्ना, नारामप्मा र चाङ्वान लेक्मा संस्कारहरू पर्दछन् । विवाह संस्कारमा मेन्छिन नाक्मा, सिम्बोसालामा, लाम्लक, युङ्सिङमा, लाम्भेवा चिम्मा, लाम्लामा, पाङ्लिताक्मा, मेखिम, पाङ्लिहुक्वा र फुदोङ्ङ, हक्तक्वा, मेल्लुङ फुसिङ्मा र नाजोङ/खेम्जङप्रमुख रहेका छन् । यस्तै मृत्यु संस्कारमा दाह संस्कार, युम्सा नाक्मा, फजे, साम्सामा, मिक्वा साङ्मा र लाही नाम्ही इङ्मा प्रमुख हुन् । लिम्बू समुदायको संस्कृतिको मूलस्रोत मुन्धुम भएकोले यो समुदायमा प्रचलित जन्म, विवाह र मृत्यु संस्कारहरूको उद्भव र विकास समयको विभिन्न कालखण्डमा भएको कुरा मुन्धुमको अध्ययनबाट स्पष्ट

* शोधार्थी, विद्यावारिधि तह, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग, त्रि.वि.वि.कीर्तिपुर

हुन्छ । फेदाङमा तथा तुम्याङद्वारा मुन्धुम अनुसार यी संस्कारहरू सम्पन्न गरिन्छ । लिम्बू समुदायमा प्रचलित जन्म, विवाह र मृत्यु संस्कारको अध्ययनबाट यी संस्कारहरूको उद्भव र विकासको मुख्य उद्देश्य मानव जीवनलाई मर्यादित, सक्षम, पवित्र र जिम्मेवार बनाउने रहेको र यसबाट लिम्बू समुदायको चिन्तन प्रणाली, ज्ञान पद्धति र विश्वासको परम्परालाई बुझ्न सहयोग पुग्ने तत्थ्य प्रकाशमा आएको छ ।

***शब्द कुञ्जी :*** मुन्धुम, लिम्बू समुदाय, संस्कृति, संस्कार,फेदाङ्मा

## परिचय

नेपाल भौगोलिक र सामाजिक विविधता भएको मुलुक हो । भौगोलिक रूपले यो देश हिमाल, पहाड र तराई भागहरूमा विभक्त छ । सामाजिक रूपमा यहाँ विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिका मानिसहरूको बसोबास रहेको पाइन्छ । नेपालमा बसोबास गर्ने सबै जातजातिहरूको आ–आफ्नै फरक फरक मौलिक रीतिरिवाज, परम्परा, धर्म–संस्कृति र जीवन पद्धति रहेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार नेपालमा १४२ जातजातिका मानिसहरू बसोबास गर्दछन भने यहाँ १२४ भाषाहरू बोलिन्छ । यस्तै १० वटा विभिन्न धर्म मान्ने मानिसहरूको यहाँ बसोबास रहेको देखिन्छ । यसैले नेपाल एक बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक मुलुक हो ।

नेपालमा बसोबास गर्ने विभिन्न जातजातिहरूमध्ये लिम्बू जाति पनि एक हो । यो जाति मङ्गोलाइड मानव नश्ल अन्तर्गत पर्दछ । यसजातिलाई प्राचीन कालमा नेपालमा शासन गर्ने किरात वंशको एक शाखाको रूपमा लिइन्छ । लिम्बूजाति मूलत प्रकृतिपूजक जाति हो । यो जातिले मुन्धुममा आधारित जीवन दर्शन र धर्म–संस्कृतिलाई अपनाएको पाइन्छ । लिम्बू जातिले मूलतः किरात धर्म मान्दछन् । उनीहरूले बोल्ने भाषा याक्थुङ पान (लिम्बू भाषा) भनिन्छ । याक्थुङ पानलाई शिरजङ्गा लिपिमा लेख्ने गरिन्छ । नेपालको पूर्वी भागका विभिन्न जिल्लाहरूमा लिम्बू समुदायको सघन बसोबास रहेको देखिन्छ । लिम्बू जातिविशेष गरेर पूर्वी नेपालको ताप्लेजुङ, सङ्खुवासभा, पाँचथर, तेह्रथुम, धनकुटा, इलाम, झापा, सुनसरी तथा मोरङ जिल्लाहरूमा बसोबास गर्दछन् । नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा लिम्बू जातिको जनसङ्ख्या ४१४७०४ रहेको छ । यो नेपालको कुल जनसङ्ख्या २ ९१६४५७८ को १.४२ प्रतिशत हो । यसको अतिरिक्त विदेश (भारत, बेलायत, हङकङ, बर्मा, थाइल्याण्ड र भूटान) जस्ता देशहरूमा पनि लिम्बूजातिको बसोबास रहेको पाइन्छ ।

लिम्बू शब्दको उत्पत्ति सम्बन्धमा पनि अनेक मतहरू रहेका छन् । इमानसिंह चेम्जोङको मत अनुसार लिम्बू भाषामा 'लि' भनेको धनु, 'आबु' भनेको हान्नु हो । तसर्थ लिम्वू भनेको धनुबाण चलाउने धनुर्धारी हो (चेम्जोङ, २०५९, पृ. १९) । अर्जुनबाबु मावोहाङका अनुसार लिम्बूहरू मुजिना खेयङ्नाका छोरा सुसुवेङलालावेङ वा सुसुवालिलिम याक्थुङहाङका सन्तानहरू हुन् । यहाँका भूमिपूत्र सुसुवालिलिम याक्थुङहरूलाई यहाँका शासक सेन र शाहहरूले 'लिलिम' भन्दा भन्दै लिम्वू भनेर सम्बोधन गरेको पुष्टि हुन्छ (मावोहाङ, २०६३, पृ. १ ) । यस्तै विरही काइँलाका अनुसार 'लिङ्बा' शब्दबाट लिम्बू भएको हो, जसको अर्थ 'उम्रनु' भन्ने हुन्छ (काइँला, २०४९, पृ.२३) ।

संस्कृति मानवको जीवन पद्धति हो । यो मानवले आफ्नो जीवनलाई सहज र व्यवस्थित तरिकाले जीउनको लागि अपनाएको तौरतरिका र विकास गरेको प्रणाली हो । यसभित्र मानिसको सामाजिक जीवनका सम्पूर्ण क्रियाकलापहरू समेटिएका हुन्छन् । मानवका रीतिरिवाज, धर्म, परम्परा, भाषा, कला,

चालचलन, पेसा, आनीबानी, लवाइखुवाइ, भेषभूषा, विश्वास, मूल्य-मान्यताहरू जस्ता सम्पूर्ण विषयहरू सांस्कृतिक अध्ययन अन्तर्गत पर्दछन् । संस्कृतिलाई विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरूले आ-आफ्नै ढङ्गले परिभाषित गरेका छन् । मानवशास्त्री E.B. Tylor को परिभाषा अनुसार "संस्कृति त्यो सम्पूर्ण जटिलता हो जसमा ज्ञान, कला, विश्वास, नैतिकता, कानुन, प्रथा तथा सम्पूर्ण क्षमता र गुणहरू सम्मिलित हुन्छन जुन कुराहरू समाजको सदस्य हुनुको नाताले मानिसले समाजबाट प्राप्त गर्दछ" (Tylor, 1871, P.1-2) । मानवशास्त्री Malinowski को अनुसार "संस्कृति मानिसका शारीरिक र मानसिक आवश्यकता परिपूर्ति गर्न बनाइएको साधन हो" (Malinowski, 1960, p. 39-40) । यस्तै मानवशास्त्री जुलियन स्टेवार्डको विचारमा "समाज र संस्कृतिको विकास पर्यावरणीय तत्वसँग अनुकुलनता हुने क्रममा हुन्छ" (Steward, 1968, p. 2-3)। यस्तो संस्कृति मानवले आफ्नो वंश परम्परा वा सामाजिक परम्पराबाट प्राप्त गर्दछ ।

मुन्धुम लिम्बू जातिको धर्मशास्त्र, ज्ञानशास्त्र, दर्शनशास्त्र र इतिहास हो । यो लिम्बूजातिको धार्मिक, सांस्कृतिक र आध्यात्मिक जीवनको आधार हो । यसको पुस्तान्तरण प्राचीन कालदेखि नै मौखिक श्रुतिपरम्पराबाट हुँदै आएको छ । लिम्बू-नेपाली-अङ्ग्रेजीशब्दकोषमा मुन्धुम शब्दको अर्थ 'श्रुति परम्परामा आधारित लिम्बू जातिको धर्मशास्त्र' भनिएको छ (काइँला, वि.सं. २०७७, पृ. ३४३) । मुन्धुम शब्द याक्थुङ (लिम्बू) भाषाको 'मुन' र 'थुम' दुई शब्द मिलेर बनेको छ । मुन्धुम शब्दको शाब्दिक अर्थ 'मुन' भन्नाले हल्लिनु, चलयमान हुनु वा गतिशिल हुनु र 'थुम'को अर्थ शक्ति वा बल भन्ने हुन्छ (लिम्बू, २०५१, पृ. १) । बैरागी काइँलाका अनुसार "लिम्बू जातिका सामाजिक, सांस्कृतिक, नैतिक र धार्मिक धारणा, आस्था र आचरणको चरम परिणति नै अनेक मिथक, गाथा र, लोक कथाहरूमा अभिव्यक्त भई श्रुति परम्पराको रूपमा युगौयुगदेखि जीवित छ र तिनैको समष्टिलाई मुन्धुम भनिन्छ " (काइँला, २०५१, पृ. भूमिका क) । डि.बि.आङबुङले मुन्धुमलाई मुःन् (बिर्सन) थुम् (गाह्रो) हुने अविस्मरणीय घट्नाको सँगालो हो भनेका छन् (आङबुङ, २०७९, पृ. भूमिका थ) । मुन्धुमलाई 'माङपान' वा देववाणी पनि भन्ने गरिन्छ (मेन्याङबो र माबोहाङ, २०६६, पृ. १) ।

लिम्बू जाति मुन्धुमले निर्देशित गरेबमोजिमको सांस्कृतिक आचरण र मूल्य मान्यतालाई अनुसरण गर्ने जाति भएकोले यस जातिमा प्रचलित संस्कृतिको मूलस्रोत मुन्धुम हो । यस जातिमा अनेकौं मुन्धुमी संस्कृति प्रचलित छन् । यस्तै लिम्बू समुदायमा विभिन्न सांस्कृतिक गतिविधिहरू सञ्चालन गर्ने क्रममा अनेकौ संस्कार विधिहरूको पनि विकास भएको पाइन्छ । यस्ता संस्कारहरूमा जन्म, विवाह र मृत्यु संस्कारहरू मुख्य हुन् । यी संस्कारहरूको बारेमा आंशिक रूपमा परिचय गराउने काम हालसम्म इमानसिंह चेम्जोङ, येहाङ लावती, चैतन्य सुब्बा तथा हितराम तिल्लिङ आदि जस्ता पूर्वअध्येताहरूबाट गरिए पनि लिम्बू समुदायमा प्रचलित जन्म, विवाह र मृत्यु संस्कारहरू के के हुन ? लिम्बू समुदायमा प्रचलित जन्म, विवाह र मृत्यु संस्कारहरूको उद्भव कसरी भएको पाइन्छ ? र लिम्बू समुदायमा जन्म, विवाह र मृत्यु संस्कारहरू कसरी सम्पन्न गर्ने प्रचलन छ ? भन्ने प्रश्नहरू हालसम्म अनुत्तरित नै छन् । यी शोध समस्याका पृष्ठभूमिमा लिम्बूजातिको जन्म, विवाह र मृत संस्कारहरू के के हुन्,यी संस्कारहरूको उद्भव कसरी हुन गयो तथा यी संस्कार सम्पन्न गर्ने विधिहरू के कस्ता रहेका छन् भनी खोजी गर्ने उद्देश्यले प्रस्तुत अध्ययन अघि बढाइएको छ ।

## अध्ययन विधि

यो अध्ययन लिम्बू समुदायमा प्रचलित जन्म, विवाह र मृत्यु संस्कारको पहिचान, उद्भव र सम्पादन विधिसँग सम्बन्धित एक गुणात्मक प्रकृतिको सांस्कृतिक अध्ययनहो । प्रस्तुत अध्ययन अन्वेषणात्मक अनुसन्धान ढाँचामा आधारित छ ।

प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीयक दुबै किसिमका तथ्याङ्कहरू सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्कहरूमा स्थलगत अवलोकन तथा अन्तर्वार्ताको माध्यमद्वारा सङ्कलन गरिएका छन् । यस्तै केही प्राथमिक तथ्याङ्कहरू लिम्बू समुदायको जन्म, विवाह र मृत्यु संस्कारका जानिफकार तुम्याङ तथा फेदाङमाहरूसँगको प्रत्यक्ष अन्तर्वार्ताबाट पनि सङ्कलन गरिएका छन् । अध्ययनमा आवस्यक सूचनादातहरूको छनौट उद्देश्यमूलक नमुना छनौट विधिद्वारा गरिएको छ । यस्तै अध्ययनलाई आवस्यक पर्ने द्वित्तीयक तथ्याङ्कहरू पुस्तकालय अध्ययन विधि अन्तर्गत अध्ययन शीर्षकसँग सम्बन्धित विभिन्न प्रकाशित ग्रन्थ, पुस्तक, लेख-रचना, शोधपत्र, कार्यपत्र, प्रतिवेदन र इन्टरनेटमा प्रकाशित सामाग्रीहरूबाट सङ्कलन गरिएका छन् ।

प्रस्तुत अध्ययनमा सङ्कलित तथ्याङ्कहरूलाई गुणात्मक तथ्याङ्क विश्लेषण विधि अपनाई व्याख्या विश्लेषण गरिएको छ । गुणात्मक तथ्याङ्क विश्लेषण विधिका प्रमुख चरणहरूमा-तथ्याङ्कहरूको सम्पादन, सङ्केतीकरण, वर्गीकरण र तालिकीकरण रहेका छन् । त्यसैले यस अध्ययनमा विषयगत र उद्देश्यगत रूपमा तथ्याङ्कहरूको सम्पादन, सङ्केतीकरण र वर्गीकरण गरी सोही अनुसार सङ्कलित तथ्याङ्कहरूलाई प्रशोधन र विश्लेषण गर्दै त्यसको सत्यता परीक्षण गरिएको छ । यसरी प्रशोधित तथा विश्लेषित तथ्याङ्कहरूले सङ्केत गरेको सत्यताको पहिचान गरी यसको आधारमा अध्ययनको निष्कर्ष निकालिएको छ । तथ्याङ्कहरूको सत्यता परीक्षण पश्चात विश्वासनीयता प्रमाणित भएपछि यसको उपयोग गर्दै वर्णनात्मक शैलीमा प्रस्तुत आलेख तयार गरिएको छ ।

## अध्ययनका मुख्य प्राप्तिहरू

प्रस्तुत अध्ययनको उद्देश्य लिम्बू समुदायमा प्रचलित जन्म, विवाह र मृत्यु संस्कारको परिचय गराउँदै यी संस्कारहरूको उद्भव तथा सम्पादन विधिको खोज गरी प्रकाशमा ल्याउने रहेकोलेशोधको उद्देश्य अनुसार गरिएको खोजको क्रममा सङ्कलित प्राथमिक तथा द्वित्तीयक तथ्याङ्कहरूबाट धेरै जानकारीहरू प्राप्त हुन आएका छन् । यी प्राप्ति वा जानकारीहरूलाई विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरी यहाँ निम्नानुसार प्रस्तुत गरिएको छ ।

## जन्म संस्कार

जन्म संस्कार मानव जीवनको पहिलो संस्कार हो । लिम्बू समुदायमा जन्म संस्कार सञ्चालन गर्नेआफ्नै विशिष्ट विधि रहेको पाइन्छ । लिम्बू समुदायमा प्रचलित जन्म संस्कार मुख्यगरी पाँचवटा उपसंस्कारहरू सञ्चालन गरी सम्पन्न गरिन्छ । तिनीहरूमा साप्पोःक् चोमेन (गर्भरक्षा पूजा), याङदाङ फोङमा (कोक्रोरोहण), माङगेन्ना (शिर उठाउने), नारामप्मा (अनुहार हेर्ने) र चाङ्वान लेक्मा (लुगाफेर्ने) पर्दछन् । उक्त संस्कारहरूको क्रमशः निम्नानुसार चर्चा गरिएको छ ।

## सप्पोःक् चोमेन

साप्पोःक् चोमेन (गर्भरक्षा पूजा) लिम्बू जातिका महिला गर्भवती भएपछि गर्भवती महिला र गर्भको सुरक्षा गर्नको लागि गरिने अनुष्ठान हो । लिम्बू जातिमा स्त्री गर्भवती भएपछि गर्भ सुरक्षाको लागि भीरपहरा वा रूख चढ्न नहुने, गह्रुङ्गो भारी बोक्न नहुने, खोलानाला जँघार तर्न नहुने, बाँधेको गाईवस्तुको दाम्लो नाध्न नहुने, कुनै जीवजन्तु काटमार गर्नु गराउनु नहुने, बाँसका तामा काट्न वा भाँच्न नहुने आदि जस्ता अनेक सामाजिक मान्यता रहेको पाइन्छ । साप्पोःक् चोमेन अनुष्ठान समान्यतया महिला गर्भवती भएको ५-६ महिनादेखि ८-९ महिनासम्ममा गर्ने प्रचलन छ । यो अनुष्ठानमा गर्भको बच्चा स्वस्थ्य रहोस, सफतापूर्वक बच्चा जन्मन सकोस र आमालाई भूतप्रेत तथा सेहेसेसेन्त्रले कुनै प्रकारको दुःखकष्ट नदेओस भनेर कामना गर्दै फेदाङमाद्वारा सम्पन्न गरिन्छ ।

मुन्धुम मिथक अनुसार यो संस्कारको शुरूआत अघि आप्चारा पक्चानामाकी चेली पक्चिरी पक्चानामा गर्भवती भएको बेला उनलाई फूल मनपर्छ । पक्चिरी पक्चानामा आफ्नो माइतीलाई सेगेक सुरूङमाभीरमा फूलेको फूल टिपेर ल्याइदिन अनुरोध गर्छिन् । माइती आप्चारा पक्चानामा उक्त ठाउँको फूल टिप्नजाँदा भीरबाट लडेर मर्छ । आफ्नो कारणले माइतीको दुःखद निधन भएकोमा चेली पक्चिरी पक्चानामा शोकमग्न हुँदै माइतीको मृतआत्मालाई गर्भवती महिलाको गर्भरक्षा गर्ने देवता बन्नु भन्ने आशिर्वाद दिन्छिन् । यसरी भीरबाट लडेर मरी सेंहे बनेको आप्चारा पक्चानामाको प्रेतात्माले उचित मानमनितो नपाउदा यसले गर्भवती महिलालाई दुःख-बिमार गरायो । यसपछि गर्भवती महिलालाई दुःख दिने आप्चारा पक्चानामाको प्रेतात्मालाई मानमनितो गर्न साप्पोःक् चोमेनअनुष्ठान गर्न थालियो (तिल्लिङ, वि.सं.२०७७, पृ.१३) । त्यस बेलादेखि लिम्बू समुदायमा साप्पोःक् चोमेन पूजाको परम्परा चलिआएको मुन्धुमी कथन छ ।

साप्पोःक् चोमेन अनुष्ठानमा कुईकुदाप साम्माङ, यूमा साम्मङ, हिम साम्माङ, थेवा साम्माङ, आप्चारा पक्चाना र वागोङ्मादेवी -देवताको आराधना गरिन्छ (दलबहादुरसेन्दाङ, व्यक्तिगत अन्तर्वार्ता, चैत्र २ ९, २०८०) । यो अनुष्ठानमा सर्वप्रथम कुईकुदाप साम्माङहरूको पूजा गरिन्छ । कुईकुदाप साम्माङ अन्तर्गत सिरिङ्मा, तेन्छामा, खजमा, तक्सङ्बा र वजमा पाँचवटा अनिष्टकारी वनदेवताहरू पर्दछन् । यी देवताहरूलाई घर बाहिर सफा स्थानमा थानथपना खडा गरी कुखुरा र अण्डाको भोग दिई जाँडरक्सी चढाई पूजा गर्ने प्रचलन छ । त्यसपछि यूमा साम्माङ, हिम साम्माङ र थेबा साम्मङ देवताहरूलाई घरभित्र लिपपोत गरी थानथपना स्थापना गरी पूजा गर्ने प्रचलन छ । यी देवताहरूलाई पनि सुगुर, कुखुरा, अण्डाको भोग दिई जाँडको पेहेङ (तोङ्बा) चढाई पूजाआजा गरिन्छ । यस्तै अन्त्यमा आप्चारा पक्चाना रवागोङ्मा देवताको पूजा गरिन्छ । आप्चारा पक्चानाको पूजा दोबाटोमा र वागोङ्माको पूजा खोलामा गर्नु पर्दछ । यी देवताको पूजामा पनि कुखुरा, परेवा तथा डिम्माको भोग दिइन्छ र पेहेङ (तोङ्बा) चढाइन्छ ।

## याङ्दाङ फोङ्मा

लिम्बू जातिमा प्रचलित याङ्दाङ फोङ्मा संस्कार मानव जन्म भएपछि गरिने पहिलो संस्कार हो । याङदाङ फोङमाको अर्थ कोत्रोरोहण हो । तर येहाङ लावतीले यसलाई न्वारन भनेका छन (लावती, वि.सं.२०६२, पृ.१२) । यस संस्कारको मूलमर्म जन्मेको नवजात शिशुलाई सर्वप्रथम विधिपूर्वक नयाँ कात्रोमा चढाउनुहो (खजुम, वि.सं. २०७५, पृ.५५) । यो संस्कारमा नवजात शिशुलाई छोरी भए जन्मेको

तीन दिनमा र छोरा भए चार दिनमा फेजिरी फेदाङ्माद्वारा अनुष्ठान गराई कोक्रोमा लगाउने गरिन्छ । यसै अवसरमा उक्त शिशुको नामाकरण र अन्न प्राशन गर्नेप्रचलन छ ।

मुन्धुमी मिथक अनुसार अघि मुजिङ्ना खेयङ्नाले छोरा सुसुवेङ लालावेङलाई जन्माइन् । जन्मेपछि उक्त बच्चा दिनदिनै कमजोर भई सुक्दै गयो । जति स्याहार गरेपनि बच्चा यसरी कमजोर बन्दै गएपछि उनलाई चिन्तित बनायो । यसको निराकरणको उपाय पत्ता लगाउन उनी तागेरानिङवाफु माङ समक्ष सोधखोज गर्न पुगिन् । तागेरानिङवाफु माङले "लाइक्सो माङलाई बेतबाँसको चोयाबाट कोक्रो बुन्न लगाई चाजिना केयङ्नाको पातको ओछयान लगाई फेदाङ्माद्वारा अनुष्ठान गराई बच्चालाई कोक्रोमा राखी हल्लाउनु, बच्चा ठीकहुँदै जान्छ" भनेपछि मुजिङ्ना खेयङ्नाले सोही बमोजिम गरिन् । यसपछि बच्चा विस्तारै सबल हुदै गयो । त्यस उप्रान्त याक्थुङ लिम्बूहरूले याङ्दाङ फोङ्मा संस्कार गर्दै आएकोदेखिन्छ (तिल्लिङ, वि.सं.२०७७, पृ.२१) ।

यो अनुष्ठान सञ्चालन हुने विहान सबेरै घर लिपपोत गरी सुत्केरी तथा नवजात शिशुलाई तातो पानीले नुहाइन्छ । नुवाईधुवाईपछि शिशुलाई नयाँ लुगा लगाई दिइन्छ । त्यसपछि नुबुन्वा (सातमूलको पानी) र सिङ्दुम्पक्वा लुङ्दुम्पक्वा (आकाशबाट झरेको पानी) भाँडामा सङ्कलन गरी सुन-चाँदी र दुबोढुङ्गो मिसाई बनेको चुङ्नावा (पवित्र पानी) लाजम (तीतेपाती, फूलका गुच्छा र केराको पातले बनेको अभिषेक गर्ने साधन) ले पहिले घर र त्यसपछि परिवारका सदस्यहरूलाई अभिषेक गरी चोख्याइन्छ (लाओती, वि.सं.२०६२, पृ.१३)। ऋब बच्चालाई नयाँ कपडाले बेरी बोजू, बढीआमा वा फुपूलेबोकेर घरको मूल ढोकाबाट छोरीभए तीनपल्ट र छोरा भए चारपल्ट भित्रबाहिर गराईआकाश र धरतीलाई देखाउनु पर्छ । साथैनवजात शिशुलाई छोरीभए तीनफन्को र छोरा भए चारफन्को दाहिने तिरबाट घर वरिपरि घुमाएपछि घरको पाको महिलाले कोक्रोमा राखी हल्लाउनु पर्छ । फेदाङ्माले घरपरिवारमा नयाँ सदस्य थपिएको जानकारी दिन र बच्चा तथा आमाको सुस्वास्थ्य एवं दीर्घायूको लागि यूमामाङको पूजा गर्दछन् । साथै आफन्त जनहरूबाट बच्चालाई सुस्वास्थ्य, दीर्घायू र उन्नति प्रगतिको शुभआशिर्वाद दिइन्छ । त्यसपछि शिशुको नामकरण गर्ने काम गरिन्छ । अन्त्यमा सुन वा चाँदीको सिक्काले पहिला फेदाङ्माले र त्यसपछि आमाबाबु तथा मान्यजनले शिशुलाई भात खुवाइ पास्नी पनि गरिन्छ । यो विधि सम्पन्न भएपछि उपस्थित इष्टमित्रलाई भोज खुवाइन्छ ।

## माङगेन्ना

माङगेन्ना लिम्बू समुदायमा प्रचलित एक महत्वपूर्ण संस्कार हो । फेदाङ्माद्वारा यो अनुष्ठान बच्चा जन्मेपछि पहिलो पल्ट प्रायः याङ्दाङ फोङ्मा संस्कारसँगै गर्ने प्रचलन छ । त्यसपछि लिम्बू यूवायुवतीहरूले यो अनुष्ठान हरेक वर्ष गर्ने गर्दछन् । जसराज सुब्बाका अनुसार माङगेन्ना अनुष्ठान वर्षमा दुई पटक गर्नु पर्दछ (सुब्बा, २०१२, पृ.१४३) । यो अनुष्ठान व्यक्तिको ग्रहदशा स्वस्तिशान्ति गरी शिर उठाउने प्रयोजनको लागि गरिन्छ । मानिसले चिताएको कुनै काममा विध्नबाधा नपरोस तथा कुनै कार्यमा असफलता भएर शिर ढलेमा ढलेको शिर पुनः उठोस र कार्यसफता मिलोस भनेर सामान्यतया माङगेन्ना पूजा गर्ने परम्परा छ ।

लिम्बू जातिमा माङगेन्ना अनुष्ठानको छुट्टै अर्थ र महत्व छ । यस अनुष्ठानमा वाचन गरिने मुन्धुमले कुनै निश्चित वंश वा थरका लिम्बू समुदायको उत्पत्ति र बसाइँसराइको इतिहासलाई उजागर गर्दछ ।

यो अनुष्ठानको मुन्धुम गायन कुनै निश्चित वंश वा थरका लिम्बू समुदायको उत्पत्तिस्थलबाट शुरूभई उनीहरू इतिहासको विभिन्न कालखण्डमा कुन ठाउँहरूमा बसाई सर्दै गए ती ती ठाउँहरूको नामोच्चारण गर्दै उनीहरूको माङगेन्ना यकमा पुऱ्याएर हाल बसेको स्थान हुदै घरसम्म लगी टुङ्ग्याइन्छ ।

माङगेन्ना अनुष्ठान सिमेरिङ र लुङधुङ गरी दुई प्रकारको हुन्छ । लुङधुङमाङगेन्ना माङगेन्ना यकसँग सम्बन्धित छ । माङ्गेन्ना यक कुनै निश्चित वंशका लिम्बूहरूका पूर्खाले कुनै निश्चित ठाउँमा सर्वप्रथम किल्ला गाडी बसेको स्थान हो । यसलाई पवित्र मुन्धुमी स्थलको रूपमा लिम्बूहरूले मान्ने पूज्ने गर्दछन् । सिमेरिङ माङ्गेन्ना विशेष गरी सुस्वास्थ्य, दीर्घायू र कार्यसफलताको लागि गरिन्छ । यो अनुष्ठानको अर्को विशेषता के हो भने यसमा चेली र माइती दुबै मिलेर एक आपसमा सुस्वास्थ्य, दीर्घायू र कार्यसफलताको कामना गर्दै माङ्गेन्ना पूजा गरिन्छ । कसैको चेली माइतीमध्ये कुनै एक नभए फेदाङमाले विशेष विधि पूरा गरी कुनै एकको माङ्गेन्ना गर्ने गरिन्छ भने अनुपस्थितको हकमा नीजको येबो (मैनाम)राखेर यो पूजा सम्पन्न गरिन्छ ।

मुन्धुम अनुसार अघि तागेरानिङ्वाफु माङले मानवको सृष्टि गर्ने क्रममा सुनचाँदी तथा हिरामोती जस्ता बहुमूल्य धातुहरूको मानव मूर्ति बनाई बोलाउँदा नबोलेको तर मालिङ्गोको खरानी, माटो र रूखकोटोड्कामा जमेको पानी मिलाई मानव मूर्ति बनाई बोलाउँदा बोलेकोले बहुमूल्य धातुहरूको अमर मानिस बनाउँदा नबोल्ने जाबो माटो, खरानी र पानीको बनाउँदा बोल्ने, थुइक्क ! भनी थुक्दा सृष्टिको त्यो प्रथम मानवको शिरढल्यो र अनुहार झुक्यो । यस पछि तागेरानिङ्वाफु माङले माङगेन्ना गरी उक्त मानवको शिर पुनः उठाइदिए । त्यस बेलादेखि लिम्बूजातिमा माङगेन्ना पूजा गर्ने प्रचलनको थालनी भएको हो भन्ने आख्यान रहेको छ (तिल्लिङ, वि.सं.२०७७, पृ.२२-२३) ।

माङगेन्ना अनुष्ठान बेलुकी वा रातको समयमा घरभित्र गरिन्छ । घरभित्रको सफा स्थानमा लिपपोत गरी केराको पात विच्छ्याई पूजाथान बनाइन्छ । उक्त थानमा जाँडको पेहेङ (तोङ्बा), जोरदियो तथा चामल सहितको जोर कलश राखिन्छ । यस अनुष्ठानमा धुप, अक्षता, नैवेद, फलफूल, येबो (मैनाम) र वदुम् पक्वा (सिङ्दुम्पक्वा लुङ्दुम्पक्वा मिसाई बनेको पवित्र जल) जस्ता पूजासामाग्रीहरू पूजाथनमा राखिन्छ । कतै कुखुराको भोग चढाई र कतै नैवेद तथा फलफूल चढाई यो अनुष्ठान गर्ने प्रचलन देखिन्छ । फेदाङ्माले माङ्गेन्ना मुन्धुम वाचन गर्दै यो अनुष्ठान सम्पन्न गर्दछन् ।

**नारामप्मा**

नारामप्मा लिम्बू समुदायमा विद्यमान रहेको अर्को जन्म संस्कार हो । नारामप्माको अर्थ 'अनुहार हेर्नु' हो । यो संस्कार विधि गर्नुको आशय नवजात शिशुको अनुहार हेर्नु हो । लिम्बू जातिमा शिशुको जन्म आफ्नै घरमा भए सुत्केरी स्त्रीको माइतबाट उनको आमा, दिदी, बहिनी आदिले र मावल घरमा शिशुको जन्म भएको भए शिशुको बाबुतर्फका बजू तथा फुपूले सुत्केरीको लागि मासुमंस, तेल-घ्यू, जिउँदो कुखुरा, औषधियुक्त मरमसला, पोषिलो फलफूल तथा गेडागुडी, कोदोको छिप्पेको जाँड, तीनपाने रक्सी जस्ता खाद्य तथा पेय पदार्थहरू र नवजात शिशु तथा आमालाई नँया लुगा समेत लिएर शिशु तथा आमालाई हेर्न जाने प्रचलन छ । नारामप्माको लागि सकेसम्म न्वारानको दिन र उक्त दिन सम्भव नभए शिशु जन्मेको एक महिनाभित्र कुनै पनि दिन जाने परम्परा छ ।

## चाङ्वान लेक्मा

चाङ्वान लेक्माको अर्थ 'लुगा फेर्नु' हो । लिम्बू जातिमा यो संस्कार बालबालिकाहरू यौवनावस्था पुगेपछि अर्थात पन्ध्र-सोह्र वर्ष पुगेपछि उनीहरूको जन्मदिन पारेर गर्ने प्रचलन छ । यो विधि सम्पन्न गर्नुको तात्पर्य केटाकेटीहरूलाई वयस्क वा युवावस्थामा प्रवेश गरेको सूचित गर्नु र सोही अनुरूप उनीहरूलाई जिम्मेवारी र कर्तव्य बोध गराउनु हो । यो संस्कार सञ्चालन गर्दा घरको कुनै सफा स्थानमा लिपपोत गरी बनाइएको पूजास्थान फेदाङमाले घरका इष्ट देवताहरू युमा, थेबा, हिम्साम्माङको पूजा गर्दछन् । यसको साथै यो अवसरमा युवायुवतीको माङ्गेन्ना पूजा पनि गरिन्छ ।

चाङ्वान लेक्मा संस्कार सञ्चालन गर्दा युवावस्था पुगेका केटाकेटीलाई नुवाई धुवाई गरी पूजास्थानमा फेदाङमाको समिप उभ्याइन्छ ।फेदाङ्माले मन्त्रोच्चारण गर्दै चुङ्नावा (पवित्र जल) ले युवायुवतीलाई अभिषेक गर्दछ । यसपछि उनीहरूले लगाएको लुगा फुकाउन लगाई सिलाएर तयारी गरी पूजाथानमा राखेको नयाँ पोशाक उनीहरूलाई लगाउन दिइन्छ । यस्तो पोशाकमा पुरूषको हकमा लगेत सुम्बा (दौरा सुरूवाल), पटुका, शिरमा सेतो कपडाको पागा (फेटा) तथा कम्मरमा खुकुरी भिरेको तथा महिलाको हकमा मेख्ली वा गुन्यू चोलो र सुन तथा चाँदीले बनेका गरगहनाहरू लगाएको हुन्छ । नयाँ लुगा फेरेपछि केटाकेटीहरू पुन फेदाङ्माको समिपमा आई उभिनु पर्दछ । यसपछि फेदाङ्माले उनीहरूलाई पवित्र जलले अभिषेक गर्दै "अबदेखि तिमीहरू वयस्क भयौ, देश र समाजको नियम कानुन ख्यालराखी काम गर्नु, उलङ्घन गरेमा सजाय हुनेछ, पुर्खाको इज्जत थामी काम गर्नु, देश, समाज र परिवारको हेरचाह र रक्षा गर्नु, तिमीहरूको फलान फलाना थरको मानिसहरूसँग नाता-सम्बन्ध लाग्छ, नाता लाग्नेसँग विहावारी गर्नु हुदैन, माइती चेली आ-आफ्नै नैतिकता र अनुशासनमा रहनु, घरपरिवारलाई कामव्यवहारमा सहयोग पुऱ्याउनु" आदि भन्दै दीक्षा प्रदान गर्दछन् ।यस अवसरमा उनीहरूलाई कर्तव्य बोध गराउन पुरूषलाई खुकुरी, तरवार, ढाल, धनुकाँड तथा महिलालाई थाक्रो-काइयो, वाफे (खुर्पा), काच्या (हँसिया), तानबुन्ने थोली आदि सामाग्री दिने प्रचलन छ(लाओती, वि.सं.२०६२, पृ.१६) ।

## विवाह संस्कार

जन्म संस्कारपछि मानिसको जीवनमा आइपर्ने अर्को संस्कार विवाह हो । विवाह संस्कार सम्पन्न गर्ने पनि लिम्बू समुदायमा आफ्नै विशिष्ट परम्परा रहेको छ । लिम्बू जातिको विवाह संस्कार विभिन्न चरणहरूमा विभिन्न संस्कार गरेर सम्पन्न गरिन्छ । तिनीहरूमा मुख्यत मेन्छिन नाक्मा, सिम्बोसालामा, लाम्लक, युङ्सिङमा, लाम्भेवा चिम्मा, लाम्लामा, पाङ्लिताक्मा, मेखिम, पाङ्लिहुक्वा र फुदोङ्, हक्तक्वा, मेल्लुङ फुसिङ्मा र नाजोङ/खेम्जङ हुन् । यस शीर्षकमा विवाह संस्कार उत्पत्तिको मुन्धुमी मिथक र यो संस्कार सम्पन्न गर्ने विधि र प्रकृयाको संक्षेपमा चर्चा गरिएको छ ।

## विवाह संस्कार उत्पत्तिको मुन्धुम

विवाहलाई लिम्बू भाषमा "तेन्धाम मेखिम "भनिन्छ । मुन्धुम अनुसार विवाह संस्कारको अधि मुनतेम्बेको दक्षिणतर्फ इम्बिरी याङ्धाङवा (तमोर नदी) को आसपासमा भएको आख्यान छ । एक मुन्धुमी मिथक अनुसार अधि तमोर किनारमा पर्ने वर्तमान तापेथोक, लेलेप र इखाबु क्षेत्रमायाक्थुङ लिम्बूहरूका पूर्खाहरूको बसोबास थियो । यसै क्षेत्रमा बसोबास गर्ने खयङफेक्ना सगीहाङ्मा नाम गरेकी महिलाले

आफूलाई गर्भावस्थामा हेरचाह तथा सहयोग गर्ने खङलिसो अयासक्पा नामक पुरूषले गरेको सहयोग वापत आफूले छोरा पाए मित लगाई दिने र छोरी जन्माएमा विवाह गरिदिने वचन दिएकी थिइन् । संयोगले उनले छोरी नै जन्माएपछि यो वचन पूरा गर्नुपर्ने भयो । तर छोरी आङ्गोरा ससीहाङ्माले आफूभन्दा धेरै बुढो र कुरूप केटा खङलिसो अयासक्पासँग विवाह गर्नुपर्ने भएकोले आमाको वचन इन्कार गरिन् । आमाले जबरजस्ति विवाह गराउन खोज्दा आङ्गोरा ससीहाङ्मा लाम्लुङ फुक्कोमा गएर लुकिन् । भीरपहरातिर भागिन र खोलानालामा हाम्फाल्ने प्रयास गरिन् तर सकिनन् । आमा खयङफेक्ना सगीहाङ्माले मालिङ्गो घारीतिर झुक्याएर छोरीको शिरमा थाक्रा र परी (काँइयो) सिउरिन खङलिसो अयासक्पालाई लगाइन् । यसपछि खङलिसो अयासक्पासँग विवाह गर्न आङ्गोरा ससीहाङ्माबाध्य भइन् । यसरी बाध्य बनाएपछि आङ्गोरा ससीहाङ्माले नेन्दुरी पासाङ्गा (युवायुवतीको विवाहपूर्व तौल र उचाई लिन निर्मित ढुङ्गे तराजु) मा तौलिने र खङलिसो अयासक्पाको तौल आफ्नोभन्दा बढी भएमा मात्र विवाह गर्ने सर्त राखिन् । त्यसपछि नेन्दुरी पासाङ्गा तौलदा तौल र आयू बराबर भएपछि उनी विवाह (तेन्धाम मेखिम) गर्न राजी भइन् । तब उनीहरूको शुभविवाह साक्प्रि र लेम्ब्रिहरूले 'के' (च्याब्रुङ) बजाएर धुमधामसँग सम्पन्न भयो (माबुहाङ, वि.सं.२०६९, पृ.११८) । अर्को कथन अनुसार पाजाइबाले सर्वप्रथम घर निर्माण गरी पहिलो विवाह लुप्लिनामा वदन्नामासँग गरेर दाम्पत्य जीवालाई संस्थागत गरेको देखिन्छ (काइँला, वि.सं. २०७०, पृ.प्रक्थन) । उल्लेखित वैवाहिक घट्नाहरू भएदेखि लिम्बू समुदायमा विवाह संस्कारको सुरूआत भएको विश्वास गरिन्छ ।

## विवाहका प्रकारहरू

लिम्बू जातिमा विशेष गरी तेन्धाम मेखिम (मागी विवाह), च्वाफुङ मेखिम (बैना विवाह/चोरी विवाह), लाछिङ्मा मेखिम (जारी विवाह) र सेःक् मेक्खिम (प्रेम/रोजीविवाह) गरी चार प्रकारको विवाह प्रचलित छ । यी सबै प्रकारको विवाहमा केटा र केटी पक्षबीच चारपुस्तासम्म दुधको साइनो सम्बन्ध केलाई साइनो नलाग्ने भएपछि मात्र विवाह गर्ने चलन छ । मागी विवाहमा केटापक्षले साइनो सम्बन्ध नलाग्ने केटीको पहिचान गरी रितपूर्वक केटी मागी विवाह गर्ने प्रचलन छ भने बैना वा चोरी विवाहमा यसरी केटी माग्ने चलन हुँदैन । साइनो सम्बन्ध नलाग्ने केटीलाई केटाले मन पराएपछि विवाह प्रस्ताव स्वरूप युप्पारूङ (बैना)केटीको मजेत्रोमा बाँधी केटीलाई विवाहको लागि प्रस्ताव गरिन्छ । केटीले विवाह प्रस्ताव स्वीकार नगरेमा पनि केटा पक्षले फकाउने वा अनेक आश्वासन दिई विवाहको लागि मनाउने कोशिस गरिन्छ । केहीनलागेमा यदाकदा बलजोड गरी केटीलाई केटाले आफ्नो घरमा लगी विवाह गर्ने परम्परा पनि देखिन्छ । जारी विवाहमा भने केटाले विवाह गरेकी अर्काकी श्रीमती एक आपसमा मन मिलेपछि भगाएर लैजान्छ र विवाह गर्दछ । यसरी विवाह गरेकी श्रीमतीको जारी विवाह गर्ने केटाले जारलाई तिर्नुपर्छ । यता प्रेम/रोजी विवाहमा केटाकेटीआपसमा रोजारोज गरेर प्रेम बन्धनमा बाँधिएपछि यसलाई विवाहमा परिणत गर्दछन् । प्रेम वा रोजी विवाह तथा बैना वा चोरी विवाहमा केटाको घरमा विवाह सम्पन्न भएपछि केटीको माइतीमा रितभात बुझाइन्छ भने मागी विवाहमा केटी मगनीकै समयमा रितभात छिनाउने चलन छ ।

## विवाहका संस्कारका चरणहरू र सम्पादन विधि

- **मेन्छिन नाक्मा :** लिम्बू समुदायको परम्परागत विवाह संस्कारका धेरै चरणहरू रहेका छन् । ती मध्येप्रथम चरण 'मेन्छिन् नाक्मा' (कन्या मगनी) हो । यसमा केटापक्षका इङ्मिबा (सन्देश वाहक) ले केटालाई साथै

लिएर कन्याको घरमा गई 'पान्जाङ्जेन' (कुरा चलाउने) रित वापत एक बोतल रक्सी र एक पेरूङ्गो अचार कोसेली राखी केटी मगनीको कुराअघि सार्दछ । कन्याको कुरा मिलेमा उक्त कोशेली केटी पक्षले बुझ्दछन नत्र केटापक्षलाई नै फिर्ता गरिन्छ । कन्या दिने निश्चित भएमा विवाहको तिथिमिति निश्चित गरी रितभात सम्पन्न गरिन्छ । रितभातको हकमा केटाकेटी दुबै पक्षको आपसि समझदारीमा केही सुन र रूपैयाँ पैसा केटी पक्षलाई बुझाउने चलन छ । यसलाई आजभोलि सुनौली-रूपौली रित भन्ने गरिन्छ । यो रित बुझाएपछि केटाले केटीपक्षका आफूभन्दा माथिल्लो साइनो सम्बन्ध लाग्ने उपस्थित सबै आफन्तलाई सेवाढोग गर्दछन् । यसरी यस चरणमा विवाह गर्ने कन्याको टुङ्गो लगाइन्छ ।

- **सिम्बोसालामा :** सिम्बोसालामाको अर्थ बेहुली लिन जानु हो । विवाहको यो चरणमा विहेको लागि बेहुला, लोकन्दे (बेहुलाको साथी) र सरदार साथविवाह लगन हुनुभन्दा तीन दिन अघि बेहुली लिन जाने गरिन्छ । यो भन्दा बढी अन्य जातिको विवाहमा जस्तो धेरै जन्ती लिएर बेहुली लिनजाने चलन लिम्बू जातिमा छैन । बेहुली लिन गएको भोलिपल्ट बेहुलीका माइतीतर्फका आफन्तहरूले बेहुला बेहुलीलाई टीका लगाई शुभआशीर्वाद दिन्छन् र २०-३० जना मेःक्केसामा (बेहुली पुऱ्याउने महिला लोकन्ती) साथ बेहुला बेहुलीलाई विदाई गर्दछन् । कतिपय ठाउँमा बेहुली पुऱ्याउन दुई चार जना माइतीहरू पनि जाने प्रचलन छ । यसरी बेहुलाको साथमा बेहुलीर लोकन्तीहरू बेहुलाको घरतर्फ आउँदा नरसिङ्गा बजाउदै बेलाबेला जोर बन्दुक पड्काउँदै आउने गर्दछन् ।

- **लाम्लक :** बेहुलाको घर पुग्न अगावै कुनै निश्चित स्थानमा बेहुला बेहुली र लोकन्तीहरूलाई स्वागत गर्न बेहुलाको घरबाट सगुनपानी साथ जोर बन्दुक पड्काउँदै च्याब्रुङ बजाउदै केही मानिसहरू जाने गर्दछन् । त्यस अवसरमा बेहुला बेहुली र लोकन्तीहरूलाई खाजापानी पनि दिइन्छ । यस संस्कारलाई 'लाम्लक' (स्वागत गर्ने) भनिन्छ । यसपछि बेहुला बेहुली र लोकन्तीलाई बन्दुक पड्काउँदै च्याब्रुङ बजाउदै विवाह घरतर्फ प्रस्थान गराइन्छ ।

- **युङ्सिङ्मा :** जब लोकन्तीहरू बेहुला बेहुली साथ बेहुलाको घर नजिक आइपुग्छन, उनीहरूलाई त्यहाँ बनाएको 'साङ्गा हिम' (स्याउला, पाल अदिले बनाएको डेराघर) मा बसाउन लगिन्छ । यसरी डेरामा पुगेपछि बेहुलाको तर्फबाट एकजना तुम्याङले लोकन्तीहरू समक्ष एकबोतल रक्सी र केही रकम राखी आशनमा बस्न अनुरोध गर्दछन् । उक्त मानमनितो पछि लोकन्ती पाहुनाहरू आ-आफ्नो आशनमा बस्दछन् । यस संस्कारलाई 'युङ्सिङ्मा' (बसाउनी) भनिन्छ । यसपछि लोकन्ती पाहुनाहरूलाई जाँडको तोङ्बा, रक्सी, अचार आदि खाजा दिइन्छ ।

- **लाङभेवा चिम्मा :** लोकन्तीहरूले बेहुली पुऱ्याउँदा पाएको दुःख कष्टको लागि बेहुलातर्फबाट खटिएका तुम्याङ (भलाद्मी) ले लोकन्तीहरू समक्षएउटा बोका वा खसी राखी दुखेको शरीर यसैले दवाईपानी गरी सञ्चो पार्नबिन्ती गर्छन् । लोकन्तीहरूबाट पनि सवालको जवाफ फर्काउँछन र हुन्छ भन्ने जवाफ आएपछि उक्त खसी काटेर उनीहरूलाई मेजमान खुवाइन्छ । यस रितलाई 'लाङभेवा चिम्मा' (दुखेको खुट्टानिको पर्ने) भनिन्छ । यसपछि सो रातभर युवायुवतीहरू भेलाभई धाननाच्ने गर्दछन भने बुढापाकाहरूले हाक्पारे गीत गाएर मनोरञ्जन गर्दछन् ।

- **लाम्लामा :**लाम्लामाको अर्थ बेहुलाले बेहुलीलाई स्वागत गरी घरमा ल्याउनु हो । विवाहको दिन बेहुलीलाई बेहुलाको घर भित्र्याउनु पूर्व बेहुलाको तर्फबाट बेहुलीलाई दिएको गरगहना तथा लुगाफाटा

लोकन्तीहरू समक्ष राख्दै उक्त गरगहना तथा लुगाफाटा बेहुलीलाई लगाई दिन तुम्याङले अनुरोध गर्दछन् । यसपछि लोकन्तीहरू विवाह घरदेखि केही टाढाको स्थानमा गई उक्त गरगहना र लुगाफाटाले बेहुलीलाई सिँङ्गारपटार गर्दछन् । ठीक यसैबेला बेहुला पनि आफ्नो घरबाट बेहुलको पोशाकमा सिँङ्गारपटार गरेर जोर दियो कलश बोक्ने कन्या केटीहरूलाई अगाडि लाएर बाजागाजा बजाउँदै बेहुलीलाई स्वागत गर्न मानिसको लस्करसाथ बेहुलीतर्फ प्रस्थान गर्दछ । बेहुला बेहुली भएको स्थानमा पुग्नसाथ सबैले उठेर बेहुलाको स्वागत गर्दछन् । बेहुलीले कलश बोक्ने कन्याहरूलाई टीका लगाइ दिन्छिन् । त्यसपछि नौमति बाजा, च्याब्रुङ र कलश बोक्ने कन्याहरू अघिअघिर त्यसपछि बेहुला बेहुली लोकन्तीहरू अनि अन्य मानिसहरू पछि पछि बाजागाजा बजाउँदै बेहुलीलाई बेहुलाको घर प्राङ्गणमा ल्याइन्छ । अब त्यहाँ उभिएका सबै मानिसहरूले फूल अक्षताले बेहुला बेहुलीलाई पर्सिएर स्वागत गर्दछन् ।

लिम्बू जातिको विवाह संस्कारमा बेहुला र बेहुलीले लगाउने परम्परागत पोशाक र गरगहनाहरू पनि आफ्नै विशिष्ट खालका हुन्छन् । बेहुलीले लगाउने यस्ता लुगाफाटा तथा गरगहनाहरूमा हक्तेत् (चौबन्दी चोलो), सीम (साडी), फई (पटुका), पथाङ (पछ्यौरी), साम्याङफुङ् (सुनको फूल), तेल्लोकी (शिरबन्दी), नेस्से (चेप्टे सुन), सम्याङपोना (कण्ठ), हुक्पाङ्घी (चुरा), लाङ्पाङ्घी (कल्ली), स्वगेप (औठी), इत्छि (चन्द्रहार), ताङखुक् (छाता), लाङ्सुप (जुत्ता), पेम्परी (काइँयो), सेल्लेङ्गे (ऐना), निगे (तेल) आदि हुन् । यस्तै बेहुलाले लगाउने पोशाक तथा गरगहनामा सेतो रङ्गको लगेत (दौरा), सुम्बा ( सुरुवाल), तागावा (फेटा), रातो रङ्गको हेम्बरी (बर्को), तिक्वाजो (श्रीपेच), सम्याङपोना (कण्ठ),इत्छि (चन्द्रहार),स्वगेप (औठी), फई (पटुका), सिन्योक फेवा (तरवार), लितोङ (धनुबाण),ताङखुक् (छाता), लाङ्सुप (जुत्ता), फेजा (खुकुरी), लक्लके (भाला), हाङ्तक्कात (राजदण्ड) आदि हुन (सम्बाहाम्फे, वि.सं.२०७९, पृ.८७-८८) ।

- **पाङ्लिताक्मा :** पाङ्लीताक्माको अर्थ बुहारीलाई काखमा लिनु वा घरमा भित्र्याउनु भन्ने हो । लाम्लामा सकेपछि बेहुली भित्र्याउने विधि सम्पन्न गरिन्छ । यो विधि गर्दा घरको सिकुवादेखि मूलढोकासम्म प्रवेश मार्गमा लिपेर चोखो बनाइएको हुन्छ । यसरी लिपेको बाटोमा घरभित्रदेखि आगनसम्म सेतो कपडा विछ्याइएको हुन्छ । मार्गको दायाँ बायाँ पानी र फूल सहित तामाको घडाहरू राखिएका हुन्छन् । बेहुलीलाई घरमा भित्र्याउनु पूर्व बेहुलाका बाजेबज्यै, सासुससुरा र आफन्तजनले कलशको पवित्र जलले अभिषेक गर्दै दहीमा मुसेको सेतो टीका लगाई आशिर्वाद दिन्छन् । यसपछि "आजदेखि तिमी हाम्री बुहारी भयौ घरभित्र जाउँ" भनी सासुले आफूले ओढेको बर्को बेहुलीलाई ओढाई हातमा समाएर घरभित्र लगी बस्ने स्थानमा राख्छिन् । बेहुलीको पछि पछि बेहुला र अन्य लोकन्ती पाहुनाहरू घरभित्र प्रवेश गर्दछन् । यसबेला हर्षबडाइको लागि जोर बन्दूक पड्काइन्छ र बाजागजाहरू बजाइन्छ । अनि घरभित्र पाहुनाहरूलाई खाजापानी दिइन्छ भने घर बाहिर सबै निम्तारूहरूलाई भोज खुवाइन्छ ।

- **मेक्काम:** मेक्कामको अर्थ विवाह लगन हो । यो विवाहको महत्वपूर्ण संस्कारहरू हो । विवाहको दिन दिउँसो विवाहको भोजभतेर सम्पन्न भएपछि बेलुकी मेक्काम अर्थात लगन विधि सम्पन्न गरिन्छ । यो संस्कार गर्दा लगन गर्नको लागि बनाइएको आशनमा बेहुलालाई दायाँ र बेहुलीलाई बायाँतर्फ घुँडा जोडेर बसाइन्छ । यिनीहरूको आसपासमा लोकन्दे लोकन्दीहरू बस्दछन् । जोडिएको घुँडामाथि

बेहुलीको दायाँ हातको पञ्जामाथि बेहुलाको दायाँ हातको पञ्जा फिजाएर राख्न लगाई उनीहरूलाई रातो पथाङ (बर्को) ओढाइन्छ । यता लगन गर्नको लागि बेहुला बेहुलीको अघि लिपपोत गरेको स्थानमा नाङलोमाथि केराको पात ओछ्याई सोमाथि एक जोर दियो कलश राखिन्छ । यी दियो कलश मध्ये दाहिनेतर्फ राखिएकोलाई 'नाम्सारी' र देब्रेतर्फ राखिएकोलाई 'लासारी' भनिन्छ (लाओती, वि.सं.२०६२, पृ.२४) । लगनका लागि आवस्यक अन्य सामाग्रीहरू जाडको तोङबा एक जोडी, पोलेको सुगुरको मासु आठ चोक्टा, चकमक, युप्पारूङ (बेहुलाले बेहुलीलाई बैना दिने चादीको सिक्का), चुङ्नावा (पवित्र जल), बास्ने भाले र पोथी कुखुरा एक एक वटा तयार पारिन्छ ।

लगन संस्कार शुरू गर्दैफेदाङ्माले सर्वप्रथम पवित्र जलले बेहुला बेहुलीलाई अभिषेक गर्दछ । अनिसिक्का पैसा हातमा लिएर चकमकमा ठ्याक ठ्याक ठटाउँदै भन्दछ "यहाँ उपस्थित इष्टमित्र, कुलकुटुम्ब, भद्रभलाद्मी तथा सज्जनवृन्द ! आज फलाना र फलानी विवाह बन्धनमा बाँधिएको हामी लगायत बलेको दियो कलश, आकाश, धरती, नक्षत्रगण तथा सम्पूर्ण देवीदेवताले देख्यौं । तसर्थ यिनिहरूको विवाहको साक्षी हामी जम्मै हौं ।"यसपछि बेहुला बेहुलीलाई दियो कलश हातमा बोक्न लगाउदै फेदाङमाले मुन्धुम वाचन गरी लासारीको फुल र पानीलाई नाम्सारीमा लगाई एउटै कलश बनाई बेहुला बेहुलीको हातमाथि राखिदिदै सिक्का पैसा चकमकमा ठटाउँदै फेरि भन्छ "तिमीहरूको दुई जीउ आजदेखि एउटै भयो, बेहुलाले बेहुलीलाई हेला हिमेत नगर्नु र बेहुलीले पनि बेहुलाको सँधै सम्मान गर्नु, एक आपसमा सँधै मिलेर बस्नु ।" यति कसम खुवाएपछि फेदाङ्माले माङगेन्ना मुन्धुम फलाक्दै कुखुराको भाले पोथीलाई ढाडमा लट्ठीले हिर्काएर रगत छदाई मार्न लगाउँछ । उक्त रगतबाट फेदाङमाले बेहला बेहुलीको जोखाना हेर्दछ । त्यसपछि फेदाङमाले सफल दाम्पत्य जीवनको कामना गर्दै दियो कलश लिएर बेहुला बेहुलीको वरिपरि तीनफन्का घुम्दै अभिषेक गर्दछ । अबबेहुला बेहुलीलाई जाँडको तोङ्बा र मासु सगुन खुवाइन्छ । यो सगुन पहिला बेहुलालाई र बेहुलाले जुठो पारेपछि बेहुलीलाई खुवाइन्छ । पुन फेदाङ्माले सिक्का पैसा चकमकमा ठ्याक ठ्याक ठटाउँदै बेहुलीलाई भन्छ " तिमी सत्यतामा कति पनि डगनमगाई बस्दाबस्दै तिम्रो लोग्नेले हेलागरी लाउन खान नदिएमा, सौता हाली हेरचाह नगरेमा यही सिक्काले निधारमा हानी छोडेर जानु, तिमीलाई बात लाग्ने छैन । तर सत्यतामा डगमग गरी मान मर्यादा उलङ्घन गरेमा सहस्र देवीदेवता र यो युप्पारूङले पिर्नेछ" भन्दै बेहुलालाई बेहुलीको बर्कोमा लगन गाँठो स्वरूप युप्पारूङ बाँध्न लगाउँछ । बेहुलाले सोही अनुसार युप्पारूङ बेहुलीको बर्कोमा बाँधि दिन्छ । उल्लेखित विधिहरू समाप्त भएपछि बेहुली उठेर दियो कलश लिई बेहुलाको वरिपरि चार फन्को घुमी बेहुलालाई खुट्टामा ढोग्नु पर्दछ । ढोगेको समयमा बेहुला उठेर दुबै खुट्टा जोडी उभिनु पर्दछ । यसपछि परिचय र मान्यजनलाई ढोगभेटको कार्यक्रम गरिन्छ । ढोगभेटमा बेहुला अघि अघि र बेहुलीले पछि पछि मान्यजन समक्ष रूपैया पैसा राखी परिचय र ढोगभेट गरिन्छ । मान्यजनहरूले ढोग ग्रहण गर्दै बेहुला बेहुलीलाई आशिर्वाद दिन्छन् । लगनको यस अवसरमा च्याब्रुङ्गेहरू घरभित्र प्रवेश गरी मूल खम्बा वरिपरि मेक्काम नाच प्रस्तुत गर्दछन् । यसरी लगन संस्कार समाप्त हुन्छ ।

- **पाङ्लि हुक्वा र फुदोङ :** पाङ्लि हुक्वाको अर्थ 'बुहारीको हातले तयार पारेको खानेकुरा' हो । यसलाई बेहुली भोजको रूपमा लिन सकिन्छ । यो संस्कारमा विवाहको लगन समाप्त भएको भोलिपल्ट विहानको खाना बेहुली वा बुहारीको संलग्नतामा तयार गरी पाहुना तथा निम्तारूहरूलाई वितरणगरिने प्रचलन छ । यसै अवसरमा विवाहको लागि केटी पक्षबाट आएका लोकन्ती र माइती पाहुनाहरूलाई

गच्छेअनुसार राँगा, सुगुर तथा बाख्रा आदि काटेर फुदोङ (मेजमान) दिइन्छ । यसपछिहक्तक्वा (चारकलम) रितका लागिमासुमंस, रक्सी, अचार र मासुमंस नचल्नेमा रोटी, फलफूल, अचार आदि कर कोशेलीसाथ सरदार, बेहुला बेहुली र पाउनाहरूलाई विदाई गरिन्छ ।

- **हक्तक्वा :** हक्तक्वालाई चारकलमपनि भनिन्छ । यो संस्कारमा विवाहपछि पहिलो पटक केटा पक्षले केटीको माइतीमा दश लिम्बूवान सत्र थुमको रीतिथिति अनुसार विभिन्न रीतहरू लिएर आई बेहुली पक्षका दाजुभाई तथा इष्टमित्र-कुलकुटुम्ब समक्ष भेला भई भोज गर्ने प्रचलनछ । लिम्बू समुदायमा प्रचलित परम्परागत विवाह संस्कारमा मेन्छिन नाक्मा (केटी मगनी), पाङ्लिताक्मा (बेहुली भित्र्याउने), मेक्काम (लगन) र हक्तक्वा (चारकलम) सम्म आइपुग्दा चार चरण वा कलम सम्पन्न हुने भएकोले हक्तक्वालाई चारकलम भन्ने गरिएकोहो (तिल्लिङ, वि.सं. २०७७, पृ.३७) । चारकलममा केटा पक्षले केटीको माइतीमा बुझाउनु पर्ने विभिन्न अठार रितहरूमा - याङ्थोक्मा नाक्मा (डेरा माग्ने), पानदाप्मा (कुरा चलाउने), पेको सामा (पेरेङ्गो हेर्ने), सुभाचा (सुब्बाले खाने), थेबायुमाचा (बाजेबजुले खाने),माचा (आमाले खाने), न्याचा (फुपूले खाने),क्वाचा (मामाले खाने), सम्मावाचा (माइतीले खाने),फङ्वाचा (काकाले खाने), सेवायाङ (ढोगौली रकम), फोङसिङ्मा याङ (उठाउनी रकम), युङसिङ्मा याङ (बसाउनी रकम), हाप्माचोक्मा (रून्चे फिला), पाथुम्बुलेक्मा (बाबुलाई दिने), मेत्सामा याङ (बेहुली पुऱ्याउने रकम), लाङभेवा चिम्मा (लोकन्दीको खुट्टा ख्याउनी) र चाङमालेक्मा याङ (लुगा फेराउनी रकम) पर्दछन (सम्बाहाम्फे, वि.सं.२०७९, पृ.१६२-१६३) ।

- **मेल्लुङ फुसिङ्मा :** लिम्बू जातिमा विवाह संस्कारसँगै गाँसिएको अर्को महत्वपूर्ण संस्कार मेल्लुङ फुसिङ्मा हो । यसलाई साइमुन्द्री पनि भनिन्छ । लिम्बू जातिमा विवाहको समयमा नै छोरीचेलीको बागदत बोली केटा वा श्रीमानको वंशमा निजलाई समावेश गराउने प्रचलन छैन । यसो गर्नुको आशय विवाह हुने केटासँग आफ्नी छोरी वा चेलीबेटीको घर पक्का हुने वा नहुने कुराको पर्खेर परीक्षण गर्नु हो । त्यसैले विवाहपछि एक दुईजना सन्तानहरू भएपछि मात्र मेल्लुङ फुसिङ्मा संस्कार गरी छोरीचेलीलाई कुटुम्बको वंशमा कायम गर्ने प्रचलन छ । मेल्लुङ फुसिङ्मा संस्कार नगरून्जेल छोरीचेली र निजबाट जन्मेका सन्तानहरूको वंशगत जिम्मेवारी र हक माइती कै हुन्छ, कुटुम्बको हुँदैन । मेल्लुङ फुसिङ्मा वा साइमुन्द्री संस्कार सम्पन्न गरेपछिमात्र पूर्णरूपले यो जिम्मेवारी माइतीबाट कुटुम्बतर्फ सर्दछ । यो संस्कार गर्दाछोरीचेलीले आफ्ना छोराछोरी तथा श्रीमानसहित केही करकोशेली लिएर माइती समक्ष उपस्थित भएर साइमुन्द्री माग्नु पर्दछ । त्यसपछि माइतीमा फेदाङमा, तुम्याङ (पञ्चभलाद्मी), दाजुभाइ तथा नातागोताका मानिसहरूलाई भेला गरी साक्षी राखेरफेदाङ्माद्वारा मुन्धुम वाचन गरी यो संस्कार सम्पन्न गरिन्छ । यो संस्कार सम्पन्न भएपछि माइतीले चेलीलाई गच्छे अनुसार दाइजो दिने प्रचलन पनि छ ।

- **नाजोङ/खेम्जङ :** लिम्बू समुदायको विवाह संस्कारसँग सम्बन्धित अर्को संस्कार नाजोङ/खेम्जङ हो । नाजोङ/खेम्जङको आशय पारपाचुके गर्नु हो । विवाहपछि कुनै श्रीमान र श्रीमतीको आचरण, व्यवहार, कार्यशैली, चरित्र आदि कुरामा विवाद वा मनमुटाव उत्पन्न भई भावि जीवनलाई सँगै र सहजतापूर्वक अगाडि बढाउन नसक्ने अवस्था भएमा श्रीमान श्रीमतीबीच सम्बन्ध विच्छेद गर्नसक्ने प्रचलन छ । यसमाश्रीमतीले श्रीमानसँग पारपाचुके गर्नुलाई नाजोङ र श्रीमानले श्रीमतीसँग पारपाचुके गर्नुलाई खेम्जङ भनिन्छ ।

- **मृत्यु संस्कार :** मृत्यु संस्कार मानिसको जीवनमा आइपर्ने अन्तिम संस्कार हो । मृत्यु संस्कार सञ्चालन गर्ने पनि लिम्बू समुदायको आफ्नै विशिष्ट विधि र परम्परा रहेको छ । लिम्बू जातिको मृत्यु संस्कार विभिन्न चरणहरूमा सम्पन्न गरिन्छ । मृत्यु संस्कारका चरणहरूमा मुख्यतदाह संस्कार, युम्सा नाक्मा (नुनतेल माग्ने), फजे (शुद्धयाइँ), साम्सामा (सातो पुऱ्याउने), मिक्वा साङ्मा (आँशु पखाल्ने) र लाही नाम्ही इङ्मा(खड्को/दशाग्रह काट्ने) हुन् । यी संस्कारहरूको छोटकरीमा यहाँ चर्चा गरिएको छ ।

- **मृत्यु संस्कार उत्पत्तिको मुन्धुम :** अघि दाजु पाजाइबासँग घर निर्माण गर्ने क्रममा चेली खाप्पुनामा मेल्लङ्हाङ्माको निदालले किचेर मृत्यु भएपछि उनको सदगत विधिपूर्वक भएन । खाप्पुनामा मेल्लङ्हाङ्माको लासलाई माइती तथा आफन्तहरूले डाँडामाथि ओढारमा त्यसै फ्याँकिदिए । फलत उनको आत्माले गतिमुक्ति पाउन नसकेर प्रेतात्मामा परिणत भई उनका माइती र आफन्तहरूलाई यसले पच्छयाई रह्यो । माइती तथा आफन्तहरूको सांसारिक मायाजाल भुल्न नसकेर माइतीहरू घर नभएको अवस्थामा सुटुक्क आई खाना पकाई दिने, रातारात खेतबारी खन्ने आदि कर्म उनले गर्न थालिन् । यस्तो अचम्मको कार्य भएकोमा उनका माइती तथा आफन्तहरू चकित भएपछि उनीहरूले यसको रहस्य जान्न विभिन्न पशुपंक्षीहरूलाई सोधखोज गर्न थाले । एउटा रूखमा बासबस्ने तेरोना र कोइली (खुःक्वा) चरीले "तिमीहरूको चेली/आमा चेधाप (खट) सँगै रातमा आएर खेतबारी खनिदिन्छि र भाले बासेपछि अलप हुन्छे" भन्ने सूचना दिए । एकदिन झुक्याएर उनीहरूले चेलीलाई समाती सोधखोज गर्दा उनले उचित मृत्यु संस्कार नपाउदा सांसारिक मोहबन्धनबाट मुक्तहुन नसकि प्रेतात्मा बन्नु परेको गुनासो सुनाइन् । अब मलाई गतिमुक्ति दिन उचित मृत्यु संस्कार गरिदिनु भनी उनी अलप भइन् । चेलीको यस्तो अनुरोध सुनेपछि उनका माइती तथा आफन्तहरूले उनको उचित मृत्यु संस्कार गरिदिएपछि उनको आत्माले मुक्तिपाई पुन मनुष्यलोकमा उनी देखापरिनन (काइँला, वि.सं.२०७०, पृ. प्राक्कथन क)। यसरी लिम्बू समुदायमा मृत्यु संस्कारको थालनी भयो भन्ने आख्यान पाइन्छ ।

- **मृत्युका प्रकारहरू :** लिम्बू जातिमा उमेर र घट्ना अनुसार मृत्युलाई विभिन्न किसिममा वर्गीकरण गरिएपनि मुख्य गरी दुई किसिमका मृत्यु हुन्छन भन्ने मान्यता छ । पहिलो हो कालगतिमा भएको स्वाभाविक मृत्यु र दास्रो हो अकालमा भएको अस्वाभाविक मृत्यु । लिम्बू समुदायमा कालगतिले मरेको मृतकको हंश वा आत्मा र अकालगतिमा मरेको मृतकको हंश वा आत्मा अलग अलग मानिन्छ । कालगतिले मर्नेहरूको हंश मृत्यु अगावै शरीरबाट बाहिर निस्कन्छ जसलाई सिसाम भनिन्छ । तर अकालमा खाषगरी दुर्घट्नाबाट मर्नेहरूको हंश लेत्छाम फुङसाम (सेहें तथा बायु) हुन्छ भन्ने विश्वास रहेको छ । मृत्यु अनुसार दाह संस्कार विधि पनि फरक फरक रहेको छ । अकालमा मृत्यु भएको मृतकको शवलाई सोही दिन नै जमिनमा चिहान खनी घोप्टो पारेर गाडी येबा-येमा (बिजुवा-बिजुवानी) द्वारा अनुष्ठान गरी दाह संस्कार गरिन्छ र सबै मृत्यु संस्कार विधि त्यसै दिन सम्पन्न भएको मानिन्छ । यता कालगतिले स्वाभाविकमृत्यु भएको अवस्थामा भने यसको मृत्यु संस्कार विभिन्न चरणमा सम्पन्न गर्ने प्रचलन छ । यस प्रकारको मृत्यु संस्कार गर्ने विधिको यहाँ चर्चा गरिएको छ ।

- **दाह संस्कार र विधि :** दाह संस्कार अर्थ शवलाई सद्गत गर्नु हो । शवलाई जलाउने र गाड्ने दाह संस्कार विधिमध्ये लिम्बू समुदायकोपरम्परागत दाह संस्कार विधि शवलाई जमिनमा गाड्ने हो । यो परम्परागत संस्कारलाई छोडेर हिजोआज कतिपयले शवलाई जलाउने पनि गर्न थालेका छन् । यहाँ शवलाई जमिनमा गाडी मृत संस्कार गर्ने लिम्बू जातिको परम्परागत विधिको बारेमा चर्चा गरिएको छ ।

कुनै घरमा कसैको कालगतिले मृत्यु भएमा मृत्युको सङ्केत स्वरूप उक्त घरमा सर्वप्रथम विजोडी बन्दुक पड्काइन्छ । यो कुरा थाह पाएपछि दाजुभाइ, इष्टमित्र र आफन्तजनहरू मालामीको लागि मृतको घरमा भेला हुन्छन् ।सर्वप्रथम मृतकलाई नुहाइ दिनु पर्छ । अनि हातखुट्टा सोझ्याइ दिई शवलाई घरको मूलखाँबो छेउमा एकोहोरो लिपेर काठ विच्छ्याई सोमाथि सुताइन्छ । शवको शिर र पाउमा दियो धुप बाली पशुपंक्षीले छुन नदिन रूङनु पर्दछ । साथै मृतकको निधारमा पुरानो ढक पैसा (नाबप्पा याङ) अनिवार्य रूपमा लगाइदिनु पर्छ । बीचबीचमामृत्यु भएको जानकारी दिन विजोर बन्दुक पड्काइन्छ । बन्दुकको आवाज सुन्न नसक्ने टाढा भएका आफन्तहरूलाई सञ्चारको सुविधा हुनुभन्दा पहिला मानिस खटाएर समाचार गरिन्थ्यो तर अहिले फोनबाट जानकारी गराइन्छ ।

यसपछि बाँसको चेधाप (काँधीकाठ) निर्माण गरिन्छ । चेधाप निर्माण गर्दा पुरूषको भए चार वटा र महिलाको भए तीनवटा बाँसको भाटाको आग्लो बनाई दायाँबायाँको बाँसमा बाँधी तयार गरिन्छ । चेधापको वरिपरि कपडाको कात्रोले घेरिन्छ र यहाँ फूलका माला लगाउने प्रचलन पनि छ । शवलाई यसै चेधापमा हाली मृतकका छोराछोरी, दाजुभाइ र आफन्तजनहरूले बोकी इप्पुङ (चिहान) मा पुऱ्याइन्छ । यसरी शवयात्रा गर्दा शवको अगाडि अगाडि सेतो ध्वजापातका बोक्ने मानिस, लाःया (भुटेको अन्न) बाटोमा ठाउँ ठाउँमा छर्ने मानिस, खुकुरी तरवार खुँडा आदि हतियाय बोकेको मानिस, र बन्दूक पड्काउने मानिस हिँडेको हुन्छ । लासलाई चेधापमा हाली घाटमा लानुपूर्व फेदाङ्माले मुन्धुम वाचन गरेर अनुमति प्रदान गर्दछन भने मृतकका आमा, दिदीबहिनी, छोरी, छ्यामा, तुम्मा, नातिनी आदि नाता पर्ने महिलाहरूले मृत्युको दुखद क्षणमा भावविह्वल भई लय तानेर मेरिङ थक्मा (विलाप) गर्दै रूने गर्दछन् । शवलाई घाटसम्म पुऱ्याउँदा बाटोमा बीचबीचमा लाःजा (भुटेको धान) र लाःयाङ् (ढक्की चानचुने पैसा) छर्दै जाने गरिन्छ ।

शवलाई घाटमा पुऱ्याए पछि चिहान निर्माण गरिन्छ । चिहानमाशव राख्नुभन्दा अगा खाम इङ्मा (माटो किन्ने) विधि पूरा गर्नु पर्दछ । मुन्धुम अनुसार शवलाई जमिनमा गाड्नु अघि जमिनका मालिक खाम्बोङ्बा लुङ्बोङ्बाहरूसँग माटो किन्नु पर्ने प्रचलन रहेको छ (माबुहाङ, वि.सं. २०६९, पृ १४९) । यो विधि पूरा गर्न फेदाङ्माले चारदाम वापत ढक्की पैसा चिहानको जमिनमा राख्दै मुन्धुम वाचन गरी पूरा गर्दछ ।यसपछि चारदेखि पाँच फिटसम्म गहिरो खनिएको चिहानको खाडलमा लासलाई हालिन्छ । यस्तो लासलाई खाडलमा पुर्नुअघि काठको बाकसभित्र राखिन्छ । लाशलाई खाडलमा हाली पुर्नु अघि फेदाङ्माको निर्देशनमा लाशबाट सातो निकालीनछ र सो सातोलाई काँसको थालमा थापी कात्रो कपडाको केही अंशले पोकोपारी मृतकको घरमा ल्याइन्छ । यसलाई साम्दाखुङ भनिन्छ । सातो निकाले पछि लासलाई माटो ढुङ्गाले पुरी महिला भए तीन तला र पुरूष भए चार तलाको जमिनमाथि ढुङ्गाको चौतारो बनाइन्छ र सोमाथि सुत्लुङ्ग (चिहानमाथि गाडिने लाम्चो ढुङ्गा) गाडिन्छ ।

- **युम्सा नाक्मा** : मृतकको दाह संस्कार सम्पन्न भएपछि मृत्यु संस्कारको अर्को चरणमा युम्सा नाक्मा अर्थात नुनतेल माग्ने विधि सम्पन्न गर्नु पर्दछ । मानिसको मृत्यु भएपछि छोरा भए चार दिन र छोरी भए तीन दिनसम्म मृतकका छोरा छोरी र आफन्तहरूले नुन, तेल, मासु, अदुवा, लसुन र कालो दाल जस्ता बस्तुहरू बार्नु पर्दछ । मुन्धुम अनुसार अघि दाजु केसामी (बाघ) र भाइ नाम्सामी (मानव) बीच युद्ध भई नाम्सामीले केसामीलाई मारीछाला सुकाई उक्त छालाले भोटबाट नुन तेल साटी ल्याएर बाँडेर खाँदा गाउँमा महामारी फैलियो । फेदाङ्मा लगाएर जोखाना खुट्याउदा दाजुको छालाले नुन

तेल साटी ल्याएर खानाले यो विपत्ति आएको पत्ता लागेपछि त्यस समयदेखि दाजुभाइको मृत्युमा नुन, तेल, मासु आदि बार्ने चलनको शुरूआत भएको देखिन्छ (आइत खजुम, प्रत्यक्ष अन्वार्ता, बैशाख ५, २०८१) ।

यस संस्कारमा छोरा मानिसको मृत्यु भएको भए चार दिन र छोरी मानिसको मृत्यु भएको भए तीन दिनमा नुन, तेल, मासु, अदुवा, लसुन, कालो दाल, जाँड, रक्सी, भात छुट्टाछुट्टै टपरीमा राखी नाङ्लो वा मान्द्रोमाथि राखिन्छ । यस अवसरमा दाजुभाइ, पञ्चभलाद्मी, इष्टमित्र भेला हुन्छन् । यो संस्कार सञ्चालन गर्दा नुन, तेल, मासु आदि राखेको स्थानलाई बीचमा पारेर पञ्चभलाद्मी, कुलकुटुम्ब तथा फेदाङ्मा पश्चिमतिर उभिई पूर्वतर्फ फर्कन्छन भने किरियापुत्री र क्रिया बार्नेहरू पूर्वतिर उभिएर पश्चिमतिर फर्किन्छन् । फेदाङमाले खाःउमा (नुनतेल माग्ने)मुन्धुम विधि वाचन गरी पञ्चभलाद्मी तथा कुलकुटुम्बसमक्ष संबाद गर्दै किरियापुत्री तथा नुन तेल बार्नेहरूका तर्फबाट नुन, तेल, मासुमंस आदि खोलिदिन अनुरोध गर्दछ । प्रति उत्तरमा पञ्चभलाद्मी तथा कुलकुटुम्बहरूले नुन, तेल, मासुमंस आदि खोली दिएको वचन दिन्छन् । यसपछि नुन तेलको बारन हट्छ ।

- **फजे :** मृत्यु संस्कारको महत्वपूर्ण चरण फजे अर्थात शुद्धयाइँ कार्यक्रम हो । लिम्बू समुदायमाशुद्धयाइँ कार्यक्रम मृतकको मृत्यु भएको मितिको आधारमा विजोडी महिना पारेर आफ्नो समय अनुकुल पारेर वर्ष दिनभित्रमा सम्पन्न गर्ने परम्परा छ ।यसको लागि तिथिमिति निर्धारण गर्दा मृतकको मृत्यु भएको तिथि मितिमा नै पार्ने गरिन्छ । यसरी फजेको तिथीमिति निर्धारण भएपछि दुई तीन हप्ता अगाबै आफन्त, कुलकुटुम्ब, फेदाङ्मा, पञ्चभलाद्मी, इष्टमित्र, छरछिमेक तथा मलामीहरूलाई निम्तो दिइन्छ ।

लिम्बूजातिको शुद्धयाइँ कार्यक्रममा टाढाका पाहुनाहरूलाई शुद्धयाइँ कार्यहुने दिनभन्दा अगावै सामेला हुन निम्तो दिने चलन भएकाले उनीहरू सोही दिन आउँछन् । अन्य गाउघरका इष्टमित्र, छरछिमेक तथा मलामी निम्तारूहरू कार्जेको दिन उपस्थित हुन्छन् । किरीयापुत्रीहरूले शुद्धयाइँको अघिल्लो दिनदेखि नै किरीयामा बसी शुद्धयाइँको दिन मृत आत्मालाई विभिन्न खाद्य तथा पेय पदार्थहरू तयार गरी चढाउनु पर्दछ । साम्दाखुङ्मारहेको मृत आत्मालाई चढाउने खाद्य तथा पेय पदार्थहरूमा फलफूल, नैवेद, रोटी, नरिवल, मिठाई, विस्कुट, तरकारी, भात, अचार, जाँड, रक्सि, तोङ्बा, तेलमा भुटेको मासु, लसुन, अदुवा र मृतकका खास शोखका परिकारहरू बनाई तिनीहरूलाई छुट्टाछुट्टै टपरीमा राखी चोयाको मान्द्रोमा सम्दाखुङको साथ राखिन्छ । यी सबै प्रक्रिया पुगेपछि खाःउमाको लागि पृष्ठभूमी तयार भएको मानिन्छ ।

खाःउमा गर्ने स्थान मृतकको घरदेखि पश्चिम दिशातर्फ हुनुपर्छ । खाःउमा विधि सामान्यतया दिउँसो १२-१ बजेतिर शुरू गरिन्छ । यो विधि गर्दा मृतकको लागि साम्दाखुङमा चढाउन राखिएको खाद्यपरिकारको आसपासमा किरीयापुत्री, दाजुभाइ तथा आफन्तजन, पञ्चभलाद्मी, कुलकुटुम्ब तथा इष्टमित्रजनहरू भेला हुन्छन् । जुठो परेका दाजुभाइहरू सबैले पुरूष भए टोपी र महिला भए मजेत्रो खोली किरियापुत्री पछाडि उभिन्छन् । उभिदा खेरी पञ्चभलाद्मी, कुलकुटुम्ब तथा फेदाङ्मा पश्चिम दिशातर्फ उभिई पूर्वतर्फ फर्कन्छन भने किरियापुत्री र किरिया बार्नेहरू पूर्व दिशातर्फ उभिएर पश्चिमतिर फर्किन्छन् ।यसपछि मृतक परिवारको तर्फबाट जुठो परेका दाजुभाइमध्ये कसैले फेदाङ्मा, पञ्चभलाद्मी तथा कुटुम्बहरूलाई "हाम्रो घरपरिवारमा मरिमराउ भई जुठो परेको हुँदा हाम्रो यो जुठो

फुकाइ दिनु पर्‍यो" भनी अनुरोध गर्नुपर्दछ ।

अबफेदाङमाकाठको लाठी टेकेर खाःउमा मुन्धुम वाचन शुरू गर्दछ । मुन्धुमबाट फलाना जिल्ला, फलाना गाउँ, फलाना ठाउँमा बस्ने फलानाको फलाना नाता पर्ने फलानाको फलाना मितिमा मृत्यु भयो । अनेक ओझा, विजुवा, धामी-झाक्रि, बैद्य लगाई ओखती र उपचार गर्दापनि सञ्चो भएन र स्वर्गेवास भयो । घामको छोरा/छोरी घामैले लग्यो, जुनको छोराछोरी जुनैले लग्यो र माटोबाट बनेको शरीर माटोमै मिल्यो । तसर्थ फलानो/फलानी किरीयापुत्री दुःख र शोकको सागरमा डुबेका छन् । यो दुःखको सागरबाट पारतार्न तपाइहरूको आवस्यक परेकोले यहाँ निमन्त्रणा गरिएको हो ।"यो दुःखको सागरबाट तपाईँहरूले उनीहरूलाई बाहिर निकाल्दिनु हुन्छ हैन ?" भन्दै पञ्च भलाद्मी, कुलकुटुम्ब र इष्टमित्रजनसँग फेदाङमाले प्रस्न गर्दछ । तब सबैले "निकाल्छौ निकाल्छौ" भनी जवाफ दिन्छन् । फेरी फेदाङ्माले उनीहरूसमक्ष प्रस्न गर्दछ " फलानो/फलानीको आत्मा/हंस आजदेखि साङ्ग्राम (स्वर्ग) मा विराजमान उनीहरूको जीजु बाजेको काखमा गयो होइन ?" पञ्चभलाद्मीहरूले पनि एकै स्वरमा "गयो है गयो" भन्छन् । पुनः फेदाङमाले पञ्चहरूलाई सोध्छ "त्यसोभए अब यी किरीयापुत्रीहरूले फूल टीका लगाउन, मनोरञ्जन गर्न, राम्रा लुगा तथा गरगहना लगाउन, पूजापाठ गर्न विवाह आदि शुभकार्य गर्न पाउँछन कि पाउँदैनन ?"दिन्छौ होइन ?जवाफमा पञ्चभलाद्मीहरू पनि भन्छन् "पाउँछन् पाउँछन्, दिन्छौं है दिन्छौं ।" यसपछि तयार गरिएका विभिन्न खाद्य परिकारहरूको पिण्ड मृत आत्माको नाममा चढाइन्छ । अनि फेदाङ्माले मृतआत्मा र जीवात्मालाई मुन्धुम वाचन गरेर अलग गराउदै भेट नहुने गरेर तीन पटक तीन वाचा बाँधी दिन्छ । अन्त्यमा फेदाङमाले शुद्धाई कार्य सम्पन्न भएको सङ्केत स्वरूप आफूले टेकेको लाठी भाँचेर पश्चिम दिशातर्फ फ्याँकी दिन्छ (लाओती, वि.सं.२०६२, पृ.३७-३८) ।यसरी खाःउमा विधि सम्पन्न हुन्छ । यसपछि किरीयापुत्रीकोकपालको रौं खौरने र नङ काट्ने काम गरिन्छ । उनीहरू अब नयाँ लुगा फेरी ढोगभेट गर्दछन् । चेलीबेटी, ज्वाइचेला र भानाभान्जाहरूलाई नयाँ कपडा दानदक्षिणा गरिन्छ । यसपछि कुलकुटुम्ब इष्टमित्र तथा उपस्थित निम्तारूहरूलाई शुद्धाई भोज खुवाइन्छ ।

- **साम्सामा (सातो पुर्‍याउने) :** साम्सामा मृतकको सातो वा हंस उनका पितृ बाजे बजूको साथमा पुर्‍याउने मृत संस्कार विधि कै एक अङ्ग हो । यो विधि लिम्बूवानका थुम थुममा फरक फरक समयमा गर्ने चलन छ । कतिपय थुममा मृतकको दाह संस्कार गरेर आएपछि सोही दिन बेलुकीपखर कतिपय थुममा फजे (शुद्धयाइँ कार्य) सम्पन्न भएको दिन बेलुका गर्ने प्रचलन देखिन्छ । यस अनुष्ठानमा फेदाङमाले पूजाथान खडा गरी मुन्धुम वाचन गरेर मृतकको सातोलाई अनेक अप्ठ्यारा स्थानहरूको बाटो पारगर्दै र प्रतिकुल परिस्थतिसँग जुझ्दै डोहोर्‍याएर पितृलोकमा पुर्‍याई पितृहरूलाई जिम्मा लगाई फर्कन्छन् । मुन्धुमी यात्राको क्रममा मृतकको आत्मालाई अनेकौ भीरपहरा, उकाली, खोच, डाँडाकाँडा, बनजङ्गल, खोलानाला, उन्यूघारी, बुकीफूल उम्रेको चौर, ढुङ्गे चौतारा, पःमिक्ला यघम्बा तेम्बे, सेमिक्ला यक्चेप्पा तेम्बे, साम्माङसिङ यरङ तेम्बे हुँदे, बाटोमा भएको धारामा नुहाउँदै, काम्फिलुङको च्यापबाटोबाट छिर्दे, खाजाखाने ठाउँमा खाजा खाएर विश्राम गर्दै, आठ बाटोको सङ्गमस्थलमा पुगेर देब्रेतर्फ जाँदै, बाघ, भालु र अजिङ्गरले छेकेको बाटो मानमनितो गरेर पन्छाउँदै, हिउँ, असिना, हुरीबतास र बर्षाले बाधा गरेमा साम्फिलिङ लिङफिलिङ देवतालाई मानमनितो गरी बाटो खोल्दै, पितृलोक पुग्ने बेलामा बाटोमा दायाँबायाँ बसेका कुकुरहरूले छेकेमा मालिकलाई मानमनितो गरी बाटो

खुल्ला गर्दै डोहोऱ्याएर सुन्दर पितृलोकमा पितृहरूको सामु पुऱ्याउँछन (सम्बाहाम्फे, वि.सं. २०७९, पृ.२७७-२७९) ।यसपछि सोही बाटो मुन्धुमी यात्रा गर्दै बाधा-अवरोध पन्छाउँदै फेदाङ्मा यस मर्त्यलोकमा फिर्दछ । यसरी यो अनुष्ठान विधि पूरा हुन्छ ।

- **मिक्वा साङ्मा :** यो अनुष्ठान शुद्धयाइँ कार्यको भोलिपल्ट बिहान सम्पन्न गर्ने प्रचलन छ । मिक्वा साङ्माको अर्थ 'खराब र दुःखका आँशुहरू पुछ्नु वा पखाल्नु' हो । फेदाङमाद्वारा पूजा-अनुष्ठान गरी यो संस्कार विधिको शुरूआत गरिन्छ । यसमा सात मूलको चोखो पानी सङ्कलन गरी सो पानीमा सुन चाँदी भिजाई यसमा सिङदुम पक्वा/लुङदुम्पक्वा (आकासबाट परेको चोखो पानी) मिसाएर चुङ्नावा (पवित्र पानी) तयार गरिन्छ । उक्त पानीलाई फेदाङमाद्वारा मुन्धुम मन्त्रोच्चारण गरी अझ पवित्रीकरण गरिन्छ ।अब यो पानीको भाँडा साङ्लाङगोबा (फेदाङमाको सहयोगी) लाई बोक्न लगाई फेदाङ्माले साप्सिङ (झाक्री स्याउली) वा नाम्यो (तिते पाती) को स्याउलीले मृतकको घरभित्रका कुनाकाप्चामा पानीले छर्कदै पखाले जस्तो गरी सोहोरी बाहिर निकाल्छ । त्यसपछि जुठोमा परेका परिवारका सदस्यहरू र दाजुभाइहरूलाइ आगनमा लस्करै पश्चिम दिशातर्फ फर्काएर उभ्याई मुन्धुम वाचन गर्दै क्रमशः स्याउलीले टाउकोमाथि पवित्र पानी छर्कदै शरीर पुछ्ने कार्य गरिन्छ । यसपछि अन्य घर नजिक रहेका मतान, गोठ, पाहुनाहरू बस्ने टहरा तथा पाहुनाहरूलाई समेत उक्त पवित्र पानीले अभिशेक गरी दुःखको आँशु पखाल्दै शुद्ध पारिन्छ ।
- **लाही नाम्ही इङ्मा :** यो अनुष्ठान मिक्वा साङ्मा अनुष्ठानपछि सम्पन्न गरिन्छ । लाही नाम्ही इङ्माको अर्थखड्को वा दशाग्रह काट्नु हो । यो संस्कार सम्पन्न गर्नुको आशय खड्को वा दशाग्रह काटी मृतक परिवारका सदस्यहरूकोस्वस्तिशान्ति गर्नु हो । यो अनुष्ठानमा कुभिण्डो वा फर्सी आदिको चारखुट्टे साङ्केतिक प्राणी बनाइन्छ । यसलाई फेदाङमाले सेतो पिठोको रेखीले तयार गरेको बेदीमा राखी मुन्धुम वाचन गर्दै खड्को काट्ने प्रचलन छ । यसपछिमृतकका घरपरिवारका सदस्य र अन्य जुठोमा परेका दाजुभाइहरूले जेष्ठताक्रम अनुसार यसै बेदीमा महिला भए तीनपल्ट र पुरूषभए चारपल्ट उफ्रेर ग्रहदशा काट्ने वानाघ्ने गरिन्छ ।यसरी यो अनुष्ठान सम्पन्न हुन्छ ।

## निष्कर्ष

लिम्बू समुदायमा प्रचलित जन्म, विवाह र मृत्यु संस्कारहरूअन्तर्गत विभिन्न उपसंस्कारहरू रहेका छन् । यस्ता विभिन्न उपसंस्कारहरूको यहाँ पहिचान गरिएको छ । यी समग्र उपसंस्कारहरूको संम्पादनबाट मात्र जन्म, विवाह र मृत्यु संस्कारले पूर्णता पाउँछ । जन्म संस्कारहरूको मुख्य उद्देश्य शिशुको गर्भदेखि नैसुरक्षा गरी जन्मेपछि उसलाई पहिचान दिँदै बच्चालाई स्वास्थ्य एवं सक्षम र जिम्मेवार नागरिक बनाउने वातावरण सृजना गर्नु रहेको छ । यस्तै विवाह संस्कारको मुख्य उद्देश्य विवाह पद्धतिलाई व्यवस्थित र मार्यादित बनाई यसलाई सामाजिक बैधता प्रदान गर्न मद्दत पुऱ्याउनु रहेको देखिन्छ । यता मृत्यु संस्कार सञ्चालन गर्नुको प्रमुख आशय परिवारको सदस्यको मृत्युबाट सृजित शोकसन्तापबाट मानिसलाई उन्मुक्ति दिदै उसलाई अपवित्र अवस्थाबाट पवित्र बनाउने तथा मृत्यु संस्कार पद्धतिलाई व्यवस्थित बनाउनु रहेको पाइन्छ ।

मुन्धुम लिम्बू समुदायमा प्रचलित जन्म, विवाह र मृत्यु संस्कारको प्रमुख स्रोत हो । यसले लिम्बू जातिको सभ्यता विकासको इतिहासलाई सङ्केत गर्दछ । जन्म, विवाह र मृत्यु संस्कारहरू सञ्चालन

गर्ने लिम्बू समुदायमा आफ्नै छुट्टै विशिष्ट विधि, प्रकृया र परम्परा रहेको देखिन्छ । यी संस्कारहरू लिम्बू जातिले आफ्नै पुरोहित फेदाङमा, येवा तथा येमाद्वारा तुम्याङ (भद्रभलाद्मी) को सहयोगमा सम्पन्न गर्दछन् । मुन्धुमले निर्धारण गरेको मान्यता, विधि र परम्परा संस्कार सञ्चालन मूल आधार रहेको देखिन्छ । यसरी लिम्बू समुदायमा जन्म, विवाह र मृत्यु संस्कार सञ्चालन गर्ने मान्यता, विधि, प्रक्रिया र यसमा आवस्यक वस्तु तथा सामाग्रीहरू समेत आफ्नै विशिष्ट किसिमका रहेकोले यसले लिम्बू समुदायको चिन्तन प्रणाली, ज्ञान पद्धति र विश्वासको परम्परालाई इङ्गित गर्दछ ।

## सन्दर्भ सामाग्रीहरू

आङबुङ, डी.बीं (वि.सं. २०७९), *सम्पादक तथा अनुबादक, याक्थुङ सम्जिक मुन्धुम*,सोदुङ्गे लेप्मुहाङ् फेदाङ्मा जानपा सङ्घ ।

काइँला, विरही (वि.सं २०४९). *लिम्बू भाषा र साहित्यको संक्षिप्त परिचय,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

काइँला, बैरागी संम्पा. (वि.सं.२०५१), *ईर्श्या र आँखीडाहीको आख्यान*, केशरसिंह लिङदेन लिम्बू र मेहेरमान लिङदेन लिम्बू ।

काँइला, बैरागी, सम्पा. (वि.सं. २०६७), *लिम्बू–नेपाली–अङ्ग्रेजी शब्दकोश,* तेस्रो संस्करण, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

काइँला, बैरागी सम्पा. (वि.सं.२०७०), *पाजाइबा मुन्धुम*, लिम्बू भाषा तथा साहित्य प्रकाशन ।

खजुम, आइतबहादुर लिम्बू (वि.सं.२०७५), *याक्थुङ समाजको जन्मसंस्कार याङदाङ फोङमा,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र सङ्काय, समाजशास्त्र विभाग ।

चेम्जोङ, इमानसिंह (वि.सं. २०५९), *किरात इतिहास*,पाँचौ संस्क., किरात याक्थुङ चुम्लुङ ।

तिल्लिङ, हितराम सम्पा. (वि.सं.२०७७), *याक्थुङ संस्कारहरू,*युमा साम्यो महासभा ।

मावुहाङ, अर्जुनबाबु (वि. सं. २०६३), *लिम्बूवान्,* लालबहादुर लुङफुङ्वा ।

मावुहाङ, अर्जुनबाबु (वि. सं. २०६९), *लिम्बू जातिको मुन्धुम र इतिहास*, हरिश्चन्द्र माबुहाङ र भीम माबुहाङ ।

मेन्याङबो, ध्रुबकुमार र माबोहाङ, अर्जुनबाबु (वि.सं. २०६६), *सिभाक यामी मुन्धुम*, माधुरी सुब्बा राई ।

लिम्बू , रणध्वोज (वि.सं.२०५१), *याक्थुङ मुन्धुम,* लिम्बूवानबासी ।

लाओती, येहाङ (वि.सं.२०६२), *आदिबासी लिम्बू जातिको सङ्क्षिप्त परिचय,* दिलबहादुर लाओती ।

सम्बाहाम्फे, अम्बिकाकुमार (वि.सं.२०७९), *याक्थुङ येच्छाम खाजोङ्हा,* किशोर सम्बाहाम्फे ।

Malinowski, B.(1960). *A scientific theory of culture and essays*. Oxford Uuniversity Press.

Steward, J. (1968). *Cultural ecology : In international encyclopedia of the social science*. Macmillan Company.

Subba, J. R. (2012). *Ethno-religious views of the limboo mundhum*. Yakthung Mundhum Saploppa

Tylor, E. B. (1871). *The science of culture from primitive*. In Bohamen & Glaxer (ed.), High point anthropology. Alfred A..Kmopf. Private Limited.